मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

## मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

वर्ष ४ मल्लरानी, असोज ६ गते, २०७७ साल (अतिरिक्तांक ३)

## भाग–२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मर्मत सम्भार कोष सञ्चालन व्यवस्थापन कार्यविधि, २०७७

कार्यपालिकाबाट पारित मिति : २०७७/०६/०६

**प्रस्तावना :**

गाँउपालिकाभित्र सडक खानेपानी निर्माण गर्दा ५ लाखभन्दा बढी लागत भएका आयोजनाहरुको ५ प्रतिशत रकम कट्टी गरी कोषमा राख्ने तथा सो रकमलाई व्यवस्थित रुपमा खर्च गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ बमोजिम मर्मत संभार कोष सञ्चालन व्यवस्थापन कार्यविधि बनाई लागु गरिएको छ ।



CS CamScanner

## भाग १

**१. सक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम मर्मत संभार कोष व्यवस्थापन कार्यविधि हुनेछ ।

(ख) यो कार्यविधि मल्लरानी गाँउपालिका गाँउ कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ लाई सम्झनुपर्दछ ।

(२) "आर्थिक नियम" भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित आर्थिक कार्यप्रणाली सञ्चालन गर्ने कानून सम्झनुपर्दछ ।

(३) "गाँउपालिका" भन्नाले मल्लरानी गाँउपालिकालाई सम्झनुपर्दछ ।

(४) "अध्यक्ष" भन्नाले मल्लरानी गाँउपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(५) "समिति" भन्नाले मर्मत सम्भार कोष व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मल्लरानी गाँउपालिकाको कार्यालयमा कार्यरत ऐनको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनुपर्दछ ।

**३. कार्यविधिको उद्देश्य :**

यस कार्यबिधिको उद्देश्य मल्लरानी गाँउपालिकाभित्र बनेका ५ लाखभन्दा बढी लागत भएका सडक र खानेपानीहरुको मर्मत सम्भार कोषमा ५ प्रतिशत कट्टी गरिएको रकमको उपयोगमा गाँउपालिका क्षेत्रभित्र एकरुपता ल्याउनु रहेको छ ।

## भाग-२

**४. मर्मत संम्भार कोष व्यवस्थापन समिति**

(१) मर्मत सम्भार कोषको व्यवस्थापन, निर्देशन, अनुगमन, मूल्याङ्कनको लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | गाँउपालिका अध्यक्ष | - संयोजक |
| (ख) | गाँउपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) | सम्वन्धित वडाध्यक्ष | - सदस्य |
| (घ) | प्रमुख प्रशाकीय अधिकृत | - सदस्य |
| (ङ) | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (च) | योजना शाखा प्रमुख | - सदस्य |
| (च) | पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य सचिव |



CamScanner

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(३) समतिको नियमित बैठकमा सम्बन्धित कुनै पदाधिकारी वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।

(४) सडक र खानेपानीको मर्मत सम्भार गर्नुपर्ने आवश्यकता पहिचान तथा मर्मत सम्भारको सिफारिस सम्बन्धित वडाले गाँउपालिकामा दिनुपर्नेछ।

(५) गाँउपालिकामा निवेदन दर्ता भएपछि प्रमुख प्रशासकीय अधिकृतले प्राविधिकलाई खटाई मर्मत सम्भार गर्नुपर्ने सडकको लागत अनुमान गर्न लगाउनुपर्नेछ।

(६) प्राविधिकबाट लागत अनुमान प्राप्त भएपछि मर्मत सम्भार कोष व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई मर्मत गर्ने आदेश प्रमुख प्रशासकीय अधिकृतले दिनुपर्नेछ।

(७) योजनाको मर्मत सम्भार कोषको रकमलाई एकमुष्ट एउटै खातामा जम्मा गरी आवश्यकता अनुसार सबै वडाभित्र मर्मत सम्भारमा खर्च गर्न सकिनेछ ।

(८) वडा भित्रको बाटो र खानेपानी सामान्य मर्मत सम्भार गर्न साउन, भाद्र, असोज ३ महिनाको लागि २ जना सम्म लेन्थ वर्करलाई आंशिक रुपमा कामकाज गर्ने गरी मासिक रु.५०००। मा कामकाजमा लगाउन सकिनेछ। यसरी लेन्थ वर्करमा काम गर्ने व्यक्ति १८ वर्ष भन्दा बढी उमेरको ५० वर्ष ननाघेको हुनपर्नेछ। यस्ता लेन्थ वर्करको छनौट आर्थिक रुपमा विपन्न, दलित, एकल महिला, द्वन्द्व प्रभावित र सम्वन्धित सडकको नजिक बसोबास भएको लाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ।

(९) भर्ना गरिने लेन्थ वर्कर वडाले छनौट गरी भर्ना गरिनेछ। प्राविधिकहरुबाट लेन्थ वर्करको कामको मूल्याङ्कन गराई भुक्तानी गरिनेछ।

(१०) कार्यसम्पन्न पश्चात प्राविधिक मूल्याङ्कन र वडाको सिफारिसको आधारमा सम्बन्धित पक्षलाई भुक्तानी गरिनेछ। रु.२५ हजार सम्मको मर्मत कार्य गर्दा प्राविधिक लागतको आबश्यकता पर्ने छैन। तर अनुगमन र मूल्याङ्कन आवश्यक पर्नेछ साथै डोर हाजिरी र बील भरपाईको आधारमा भुक्तानी गरिनेछ।

(११) रु. १ लाखभन्दा माथिको मर्मत सम्भार गर्नुभन्दा अगाडि मर्मत सम्भार कोष व्यवस्थापन समितिको निर्णय र प्राविधिक लागत अनुमानको आधारमा मात्र मर्मत आदेश गरिनेछ।

(१२) मर्मत सम्भार कोषको रकमबाट नियमित, आवधिक र बृहत मर्मत मात्र गर्नुपर्नेछ। सडकको चौडाइ बिस्तार, नयाँ सडक खोल्न र ठूला संरचना निर्माण (कल्वट, पुल, पुलेसा निर्माण) गर्न र खानेपानी मर्मतमा सामान्य टुटफुट र जडानमात्र गर्नुपर्नेछ अन्य ठूला कार्य गर्न पाइने छैन।

(१३) मर्मत सम्भार कोषको प्रयोगबाट ट्रयाक खुलेर नियमित तथा साप्ताहिक रुपमा यातायातका साधन चल्ने सडकमा मात्र लागु हुनेछ। र खानेपानी लाई सुचारु मात्र गरिनेछ।

(१४) मर्मत सम्भार कोषको रकमबाट गरिने काममा जनसहभागिताको अंश समावेश गरिने छैन।



CamScanner

**भाग- ३**

**५. विविध**

(१) यस कार्यविधिमा उल्लेखित प्रावधानहरुमा छुट हुन गई कुनै विषयवस्तु थपघट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही गाँउ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा उल्लेखित गरिएका प्रावधानहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका विषयवस्तुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(३) यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

आज्ञाले,
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner